# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक १५१ | काठमाडौँ | बिहीबार, ६ असोज २०७९ | Prabhab National Daily, | Thursday, September 22, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-



चाडपर्वको बेला सवारी साधनमा भीडभाड नगरौं,
मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड


## भ्रष्टाचार मुद्दामा इतिहासकै कम सफलता


■ प्रभाव संवाददाता


**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गत आर्थिक वर्ष अदालतमा दायर गरेका मुद्दामध्ये ३८.५१ प्रतिशतमा मात्र सफलता हासिल गरेको छ । यो अख्तियारको ३२ वर्षे इतिहासमै सबैभन्दा कम सफलता हो ।

आयोगले बुधबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदनमा उक्त आवमा अदालतमा दायर मुद्दामध्ये ३८.५१ प्रतिशत मात्रै आयोगको पक्षमा फैसला भएको उल्लेख छ । पछिल्लो १३ वर्षभित्र दायर मुद्दामध्ये आव २०७५/७६ मा सबैभन्दा बढी सफलता हासिल गरेको अयोगको तथ्यांकमा देखिन्छ । उक्त वर्ष ८८.२४ प्रतिशत फैसला आयोगको पक्षमा आएको थियो ।

आयोगका प्रवक्ता सहसचिव श्यामप्रसाद भण्डारीले गएको आर्थिक वर्षमा अख्तियारको इतिहासमै सबैभन्दा कम सफलता प्राप्त गरेको स्वीकार गरे । उनले आयोगले नै पैसा दिएको घुस/रिसवत लिन हुँदैन भन्ने आधार टेकेर अदालतले फैसला गरेकाले कम सफलता प्राप्त भएको जिकिर गरे । उनका अनुसार त्यसपछि क्रमशः सफलता दर (कसुर स्थापित दर) घट्दो क्रममा देखिएको छ । आव २०७६/७७ मा ८४.८ प्रतिशत, आव २०७७/७८ मा ७१.६८ प्रतिशत सफलता प्राप्त गरेकोमा गएको वर्ष घटेर ३८.५१ प्रतिशतमा झरेको हो ।

गएको वर्ष कूल ६३९ प्रतिवादी बनाएर १३१ मुद्दा दर्ता गरेको आयोगले जनाएको छ । उक्त दायर मुद्दामा कूल दुई अर्ब ७९ करोड रूपैयाँ बिगो कायम गरी मुद्दा दर्ता भएको थियो । सबैभन्दा बढी घुस/रिसवतसम्बन्धी ३२ मुद्दा दर्ता गरिएको थियो । त्यस्तै झुटा शैक्षिक प्रमाणपत्रसम्बन्धी छ, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी सात, सार्वजनिक सम्पत्ति हानिनोक्सानीसम्बन्धी ३५ गैरकानुनी लाभ तथा हानीमा ३४, राजस्व चुहावटमा पाँच र अन्यमा १२ मुद्दा दर्ता भएको छ ।

उक्त दायर मुद्दामध्ये गैरकानुनी लाभ तथा हानि पुर्‍याएको कसुरमा सबैभन्दा बढी ३२२ लाई प्रतिवादी बनाइएको छ । त्यसपछि सार्वजनिक सम्पत्तिको हानिनोक्सानीमा १३६ जनाविरुद्ध मुद्दा चलाइएको छ । रिसवतरघुसमा ५२, झुटा शैक्षिक प्रमाणपत्रमा आठ, गैरकानुनी सम्पत्तिसम्बन्धीमा १९, राजस्व चुहावटमा ४२ र अन्यमा ६० लाई प्रतिवादी बनाइएको थियो ।

ती मुद्दामा दुई पूर्वमन्त्री, तीन विशिष्ट श्रेणीका कर्मचारी, १५१ अधिकृत, १५९ सहायक कर्मचारी र १५१ जना निर्वाचित मनोनीत प्रतिनिधि प्रतिवादी रहेका छन् । मतियार र विचौलिया गरेको आरोपमा १७४ विरुद्ध मुद्दा दर्ता भएको छ ।

**संघीय मामिलामा बढी उजुरी**

आयोगले दिएको जानकारीअनुसार अख्तियारमा परेको उजुरीमध्ये सबैभन्दा बढी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तहसमेत) विरुद्ध बढी उजुरी परेको छ । आयोगका अनुसार उक्त विषयगत क्षेत्रसम्बन्धी ३३.१ प्रतिशत उजुरी परेको छ ।

त्यसपछि शिक्षासम्बन्धीमा १५ प्रतिशत उजुरी परेको छ । भूमि प्रशासनमा ७.७, वन तथा वातावरणमा ४.६, स्वास्थ्यसम्बन्धी चार, भौतिक पूर्वाधार तथा यातायातसम्बन्धी ३.९, गृह प्रशासनसम्बन्धी ३.८, पर्यटन उद्योग तथा वाणिज्यमा ३.२, ऊर्जा, जलस्रोत तथा सिँचाइसम्बन्धी ३.३, अर्थसम्बन्धी दुई, कृषि तथा पशुपन्छीमा (**बाँकी पृष्ठ ३ मा**)

### सत्तारूढ गठबन्धनको ठहर

# राष्ट्रपतिबाट संसद्को घोर अपमान


■ प्रभाव संवाददाता


**काठमाडौं–** सत्तारुढ गठबन्धनले प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट पुनः पारित भई प्रमाणीकरणका लागि पेस भएको नागरिकता विधेयक प्रमाणीकरण नगरेर राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय संसद्को घोर अपमान गरेको जनाएको छ । संविधानले सुनिश्चित गरेको १५ दिनको समयभित्र राष्ट्रपतिबाट विधेयक प्रमाणीकरण नभएकामा सत्तारुढ दलले असन्तुष्टि व्यक्त गरेका हुन् ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा बुधबार बसेको सत्ता साझेदार चार दलको बैठकले राष्ट्रपतिको कदम असंवैधानिक भएको ठहर गरेको बैठकपछि जारी संयुक्त विज्ञप्तिमा जनाइएको छ । संयुक्त विज्ञप्तिमा राष्ट्रपतिबाट संविधानको पालना र संरक्षण हुन नसकेको उल्लेख गरिएको छ ।

'प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट पुनः पारित भई प्रमाणीकरणका लागि सम्माननीय राष्ट्रपतिसमक्ष पेस भएको नागरिकता विधेयक संविधानले सुनिश्चित गरेको १५ दिनको समयसीमाभित्र प्रमाणीकरण नगरेर राष्ट्रपतिले संविधानको पालना र संरक्षण गर्नुपर्ने कर्तव्यको संवैधानिक व्यवस्थामाथि नै प्रहार गरेको ठहर गर्दछ,' विज्ञप्तिमा उल्लेख छ, 'राष्ट्रपतिको यो गैरसंवैधानिक कदमबाट जनताले निर्वाचित गरेको संघीय संसद्को घोर अपमान र अवमूल्यन भएको छ ।'

संयुक्त विज्ञप्तिमा थप भनिएको छ, 'राष्ट्रपतिको यो कदमबाट नागरिकता प्राप्त गरिसकेका नेपाली आमाबाबुका सन्तानले नेपाली नागरिकता प्राप्त गर्ने संवैधानिक हकबाट वञ्चित भएका छन् र जनतामा निहित सार्वभौमसत्ता, संवैधानिक सर्वोच्चता र लोकतान्त्रिक शासन व्यवस्थाका आधारभूत मूल्य मान्यतामा प्रहार हुन पुगेको छ ।'

विज्ञप्तिमा प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले हस्ताक्षर गरेका छन् । सत्ता गठबन्धनको अर्को दल राष्ट्रिय जनमोर्चाले भने विज्ञप्तिमा हस्ताक्षर गरेको छैन । उसले सत्तारुढ दलको निर्णयमा फरक मत राख्दै हस्ताक्षर नगरेको हो । गठबन्धनमा रहे पनि नागरिकता विधेयकमा रहेको प्रावधानलाई लिएर




जनमोर्चाले असहमति जनाउँदै आएको छ ।

राष्ट्रपति भण्डारीले यसअघि सन्देशसहित फिर्ता पठाएको विधेयकमा आफूले राखेको सुझावको सुनुवाइ नभएको भन्दै असन्तुष्टि जनाएकी थिइन् । संघीय संसद्का दुवै सदनबाट हुबहु पुनः पारित गरी पेस भएको विधेयक प्रमाणीकरण गर्न उनले अस्वीकार गरेकी हुन्, जुन संविधानविपरीत हो ।

संविधानको धारा ११३ ले अर्थ विधेयकबाहेक अन्य विधेयकमा पुनर्विचार हुन आवश्यक ठानेमा राष्ट्रपतिले सन्देशसहित एक पटक संसद्मा फिर्ता पठाउनसक्ने अधिकार दिएको छ । यसरी राष्ट्रपतिले सन्देशसहित फिर्ता पठाएको विधेयकमाथि दुवै सदनले पुनर्विचार गर्नुपर्ने तर सच्याउनैपर्ने बाध्यता नहुने संविधानमा उल्लेख छ । संविधानअनुसार संसद्ले सच्याएर वा जस्ताको तस्तै पुनः पारित गरेर पठाएको विधेयक राष्ट्रपतिले फेरि फर्काउन मिल्दैन ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले दुवै सदनबाट दोस्रोपटक स्वीकृत भई पेस गरिएको नागरिकता विधेयक प्रमाणीकरण नहुनु संविधानविपरीत काम भएको बताए । बुधबार हेटौंडामा जसपा मकवानपुरको कार्यक्रममा बोल्दै नेता यादवले विधेयक प्रमाणीकरण नहुँदा मानवअधिकार खोसिएको बताए । उनले नागरिकता नदिनु भनेको मानवतावादी कानुनको उल्लंघन हुने बताए ।

तराई-मधेस लोकतान्त्रिक (**बाँकी पृष्ठ ३ मा**)

## 'संविधानको दायराबाहिर जाने छुट कसैलाई छैन'



उपराष्ट्रपति नन्दबहादुर पुनले संविधानको पालन र संरक्षणको जिम्मेवारीमा रहेकालाई संविधानको दायराभन्दा बाहिर जाने छुट नभएको बताएका छन् । राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण नगरी संविधान उल्लंघन गरेको संकेत गर्दै उनले यस्तो बताएका हुन् ।

'पछिल्ला दिनमा विकसित घटनाक्रमले संविधानको प्रमुख पालक र संरक्षकबाट नै सचेततापूर्वक संविधानको पालन र संरक्षण हुन नसकेको भनी जनआवाज उठिरहेका छन् । यो आवाज उठ्ने परिस्थितिको सिर्जना हुनु दुःखद् हो,' बुधबार एक विज्ञप्ति जारी गर्दै उपराष्ट्रपति पुनले भनेका छन्, 'संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हो । संविधानबमोजिम सबैबाट आ-आफ्नो कर्तव्य पालना गर्नुका साथै संविधानको पालन र संरक्षण हुनुपर्दछ ।'

सार्वभौम संविधानसभाबाट नेपालको संविधान २०७२ जारी भएको अवसरमा यही असोज ३ गते संविधान दिवस हर्षोल्लासका साथ मनाइएको उल्लेख गर्दै उनले संविधान दिवसका अवसरमा सबैले संविधानको पालन र संरक्षण गर्ने भनी दोहोर्‍याएको प्रतिबद्धताको स्मरण पनि उक्त वक्तव्यमा गरेका छन् ।

## फेरि निरंकुशता जन्मिने खतरा : पूर्वराष्ट्रपति यादव

**काठमाडौं (प्रस)–** पूर्वराष्ट्रपति डा. रामवरण यादवले दुई/दुई पटक दुवै सदनबाट पारित भएको नागरिकतासम्बन्धी विधेयक फिर्ता गरेर राष्ट्रपतिले संविधान उल्लंघन गर्ने काम गरेको टिप्पणी गरे । उनले संविधानमा राष्ट्रपतिलाई एक पटक पुनर्विचारका लागि विधेयक फिर्ता गर्न सक्ने अधिकार भए पनि दुई पटक फिर्ता गर्ने अधिकार नभएको जिकिर गरे ।

जनकपुरधामस्थित पुरानो ऐतिहासिक सरस्वती नमूना माध्यमिक विद्यालयको नयाँ भनव सिलान्यास कार्यक्रममा बुधबार बोल्दै पूर्वराष्ट्रपति डा.यादवले पछिल्लो समय संविधान र लोकतन्त्रमाथि हमला हुने काम भएकाले पुनः मुलुकमा निरंकुशता जन्मिने खतरा बढेको बताए । संविधान र लोकतन्त्रमाथि पुनः कालो बादल मडारिन लागेको भन्दै उनले चिन्ता व्यक्त गरे ।

'जनता सजग र सचेत नभए पुनः मुलुकमा प्रतिगमन आउनसक्ने खतरा बढेको छ,' पूर्वराष्ट्रपति डा. यादवले भने, 'सबै निकाय संविधानको मर्म र भावनाअनुसार अघि बढ्न सकेमात्र संविधानको रक्षा हुन्छ ।'

## उपराष्ट्रपतिबाट प्रमाणीकरण गराउन सुझाव

**काठमाडौं (प्रस)–** सत्तारुढ गठबन्धनका नेताहरूले राष्ट्रपतिको पछिल्लो कदमबारे कानुन व्यवसायीहरूसँग परामर्श गरेका छन् । बुधबार भएको छलफलमा सहभागी कानुन व्यवसायीहरूले नागरिकता विधेयक प्रमाणीकरण नगर्ने राष्ट्रपति विद्यादेवी भण्डारीको कदम असंवैधानिक भएको बताए । उनीहरूले गठबन्धनका नेताहरूलाई उपराष्ट्रपतिबाट विधेयक प्रमाणीकरण गराउन वा अध्यादेश ल्याउन सुझाव दिएको (**बाँकी पृष्ठ ३ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# युरोपलाई श्रम गन्तव्य बनाउने तयारी

### बन्ला त खाडी मुलुकको विकल्प ?


■ प्रभाव संवाददाता


**काठमाडौँ-** सरकारले वैदेशिक रोजगारीका लागि खाडी मुलुक मात्र नभई यसको विकल्पमा युरोपलाई श्रम गन्तव्य बनाउने तयारी थालेको छ । श्रमिकको सुरक्षा, मानवअधिकार पारिश्रमिक, रेमिटचान्स र मौसमका हिसाबले पनि खाडी मुलुकको विकल्पमा युरोपलाई श्रम गन्तव्य बनाउने तयारीमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय जुटेको छ ।

युरोपमा रोजगारीका लागि सम्भावित गन्तव्य मुलुकहरूको खोजी तथा अध्ययन गर्ने कार्य भइरहेको मन्त्रालयले जनाएको छ । हालसालै मात्र स्वास्थ्य जनशक्ति पठाउने विषयमा बेलायतसँग सम्झौता गरेको नेपाल सरकारले रोमानियासँग पनि छिट्टै श्रम सम्झौता गर्ने तयारी भइरहेको श्रम सचिव एकनारायण अर्यालले जानकारी दिए । 'सरकारले प्राथमिकताका साथ युरोपेली मुलुकहरूसँग श्रम सम्झौताको तयारी थालेको छ,' उनले भने, 'प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन अगावै रोमानियासँग श्रम सम्झौता हुने सम्भावना छ ।' उनका अनुसार रोमानियासँग सरकारीस्तरमा (जिटुजी) श्रम सम्झौताको तयारी अगाडि बढाइएको छ ।

तत्काल रोमानियासँग श्रम सम्झौताको तयारी भए पनि युरोपमा विभिन्न मुलुक माल्टा, पोर्चुगल, पोल्याण्ड पनि सम्झौताका लागि पाइपलानमा रहेको मन्त्रालयले जनाएको छ । मन्त्रालयले सम्भावित श्रम गन्तव्य खोजीका लागि मलेसियाका लागि पूर्वनेपाली राजदूत उदयराज पाण्डेको संयोजकत्वमा बनेको कार्यदलले २०७५ साल साउनमै युरोपका विभिन्न मुलुक पहिचान गरी सम्भावित श्रम गन्तव्यका लागि गृहकार्य थाल्न सरकारलाई सुझाव दिएको थियो । कार्यदलले तत्कालीन श्रममन्त्री गोकर्ण विष्टलाई बुझाएको

> तत्काल रोमानियासँग श्रम सम्झौताको तयारी भए पनि युरोपमा विभिन्न मुलुक माल्टा, पोर्चुगल, पोल्याण्ड पनि सम्झौताका लागि पाइपलानमा रहेको मन्त्रालयले जनाएको छ ।

प्रतिवेदनमा नेपाली श्रमिकहरूका लागि खाडी मुलुकहरूको विकल्पमा युरोपका पोर्चुगल, चेक गणतन्त्र, रोमानिया, पोल्याण्ड, स्वीडेन र डेनमार्कलगायतका देशहरूलाई श्रम गन्तव्य बनाउन उपयुक्त हुने उल्लेख छ । कार्यदलले बेलायतसहित अन्य १९ वटा मुलुकसँग श्रम गन्तव्यका लागि गृहकार्य थाल्न सुझाव दिएको थियो ।

पाण्डे नेतृत्वले दिएको प्रतिवेदनको अध्ययनका आधारमा विभिन्न मुलुकसँग पछिल्लो समय सम्भावित श्रम गन्तव्यका लागि छलफल भइरहेको सचिव अर्यालले बताए । 'जिटुजी भन्नेबित्तिकै दुई देशबीचको आपसी सहमति भएकाले तत्कालीन अवस्थामा विविध कारणले गृहकार्य अगाडि बढ्न सकेन होला,' उनले भने, 'अब हामीले नेपाली युवाहरूलाई रोजगारीका लागि युरोपमा फोकस गर्नुपर्छ, यसका लागि गृहकार्य गरिरहेका छौं ।'

केही वर्षयता व्यक्तिगत श्रम स्वीकृति लिएर युरोप जाने नेपालीको संख्या बढ्दै गइरहेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ । तर, माल्टा र रोमानियामा भने म्यानपावर कम्पनीबाट जाने नेपाली कामदारको संख्या उल्लेख्य छ । विभागको तथ्यांकअनुसार यी दुई मुलुकमा अहिलेसम्म २० हजारको हाराहारीमा नेपालीहरू काम गरिरहेका छन् । झण्डै नौ हजार जना रोमानिया जाने तयारी गरिरहेको विभागले जनाएको छ । रोमानिया जाने नेपालीहरूको चाप बढेका कारण सहजताका लागि हाल सरकारको पहलमा श्रम तथा रोजगार कार्यालय ताहाचलमा तीन महिनाका लागि 'अस्थायी रोमानियन मिसन' स्थापना गरिएको छ । जसका कारण भिसा प्रक्रियाका लागि दिल्ली धाउनुपर्ने बध्यता हटेको छ । त्यस्तै युरोपेली मुलुक माल्टा जानेको संख्या पनि क्रमिकरूपमा वृद्धि हुँदै गएको छ । चालु आर्थिक वर्षको सुरुआती दुई महिना साउन र भदौमा एक हजार ९७५ जनाले माल्टा जानको लागि श्रम स्वीकृति लिएको विभागले जनाएको छ ।

खाडी मुलुकको विकल्प वा यथास्थितिमै राखेर पनि युरोपमा वैदेशिक रोजगारीलाई प्राथमिकतामा राख्न सरोकारवाला सबैले जोड दिनुपर्ने सचिव अर्यालको भनाइ छ । उनका अनुसार युरोपलाई श्रम गन्तव्य बनाउन सके प्रारम्भिक चरणमा वार्षिक एक लाखभन्दा बढी नेपालीले रोजगारी पाउने छन् । कामदारको सुरक्षा र आम्दानीको दृष्टिकोणले नेपाली कामदारलाई युरोपेली मुलुकमा जान प्रोत्साहन गर्नुपर्ने अर्यालले बताए ।

युरोपेली मुलुकमा जाने श्रमिकले मासिकरूपमा राम्रो कमाइ गर्ने गरेको देखिएको भन्दै उनले सामान्य कामदारले १२ सय युरोसम्म कमाउन सक्ने र रेमिटचासको रूपमा ठूलो रकम नेपाल भित्रिने अवस्था रहेको बताए । युरोपका केही देशबाट नेपाली कामदारको राम्रो माग आउने गरेको र हाल निर्माण, होटल, कृषि, उद्योग, सेवा क्षेत्र र समुद्रमा काम गर्ने श्रमिक लिन इच्छा देखाइरहेको मन्त्रालयले जनाएको छ ।




# साढे सात वर्षपछि ठडियो जयवागेश्वरी मन्दिर

■ पूर्णप्रसाद मिश्र



**काठमाडौँ–** २०७२ वैशाख १२ गतेको भूकम्पले पूर्णरूपमा क्षतिग्रस्त जयवागेश्वरी मन्दिर साढे सात वर्षपछि ठडिएको छ । विश्व सम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्रको जयवागेश्वरी मन्दिर माटोको जोडाइबाट ठडिएको हो ।

यो मन्दिर माटोको जोडाइबाट पुनर्निर्माण हुनसक्छ भन्ने उदाहरण बन्न सफल भएको पशुपति क्षेत्र विकास कोषका निर्देशक भरत मरासिनीले बताए । उनले भने, 'मन्दिरको गारो जोड्न साँखु र लुभुबाट माटो ल्याइएको थियो, पहेँलो र बलौटे माटो मिसाएर जोड्दा काम गर्न सहज भएको हो ।'

भूकम्पले पूर्णक्षति भएको मन्दिर पुनर्निर्माणका लागि भत्काउने क्रममा तीनवटा गजुर भेटिएको थियो । पुनर्निर्माणका क्रममा तीनवटै गजुरलाई एक तह छोपिएको छ । त्यसमाथि अर्को तहले छोपेर बाहिर देखिने गजुर राखिएको कोषका निर्देशक मरासिनीले बताए ।

जयवागेश्वरीको उदाहरणपछि एक तले मन्दिर माटोको जोडाइबाट बनाउन सकिन्छ भन्ने पुष्टि भएको छ । मन्दिर ठडिए पनि तान्त्रिक विधिले कोरिएको भित्तेचित्रको काम भने बाँकी छ । कोषका इञ्जिनियर पशुपति ठाकुर तान्त्रिक विधिले भित्तेचित्र निर्माण गर्न तीन महिना लाग्ने बताउँछन् । मन्दिर पुनर्निर्माणका लागि पटक-पटक थपिएको म्याद भने आगामी कात्तिक २ गते सकिँदै छ ।

मन्दिर पुनर्निर्माणका लागि भत्काउने क्रममा मन्दिरभित्र भैरवलगायत विभिन्न देवीदेवताका चित्र, तीन गजुरको मन्दिरलगायत संरचना भेटिएको थियो । यसको अध्ययनका लागि पुरातत्त्व, संस्कृतिविद्लगायत विज्ञको समिति गठन गरी थप अनुसन्धान गरिएकाले पुनर्निर्माणमा ढिलाइ भएको हो । समितिले माटोको जोडाइबाट मन्दिर पुनर्निर्माण गर्नुपर्ने सिफारिससहितको प्रतिवेदन दिएको थियो ।

सडकमा रहेको मन्दिर पुनर्निर्माणका लागि चुना सुर्कीको अनुमानित खर्चसहित कोषले २०७५ माघमा तुलसी कन्स्ट्रक्सनसँग दुई वर्षमा पुनर्निर्माण सक्नेगरी सम्झौता गरेको थियो । सम्झौताअनुसार मन्दिर पुनर्निर्माणका लागि भत्काउने क्रममा तीन गजुरसहितको भित्री मन्दिर, भैरवसहित विभिन्न देवीदेवताका भित्तेचित्रलगायत संरचना भेटिएको थियो । जसका कारण निर्माण अवधि बढेर दोब्बर समय लागेको हो ।

पुरातत्त्व विभागका महानिर्देशक एवं विज्ञ समितिका सदस्य दामोदर गौतम ऐतिहासिक, पुरातात्त्विक महत्त्वका मन्दिर पहिले प्रयोग भएकै निर्माण सामग्री प्रयोग गरेर बनाउनुपर्ने कानुनी व्यवस्था अनुसार कोषलाई सुझाव दिएको बताउँछन् । उनले भने, 'माटो परीक्षण गरेर पहिलेकै जस्तो गुणस्तरीय माटोबाट मन्दिर बनाउनुपर्ने प्रतिवेदन दिएका थियौं, माटोको जोडाइबाट पुनर्निर्माण गर्दा भित्र भेटिएका चित्र फेरि राख्न भनेका थियौं ।'

विज्ञ समितिको प्रतिवेदनअनुसार कोषले यसअघि माटोको जोडाइबाट बनाइएका मन्दिरको अध्ययन गरेको थियो । साँखुस्थित बज्रयोगिनी मन्दिरमा इँटाको बीचमा राखिएको माटोको परीक्षण गरिएको कोषका प्रशासकीय अधिकृत सीताराम रिसालले बताए । कूल तीन करोड १४ लाख रूपैयाँ लागतमा जयवागेश्वरी मन्दिर समग्र पुनर्निर्माणको काम अन्तिम चरणमा पुगेको हो । विश्व सम्पदा सूचीमा सूचीकृतस्थल भएकाले प्राचीन स्मारक संरक्षण ऐनअनुसार यहाँ पुनर्निर्माणको काम गरिएको कोषका निर्देशक मरासिनीले बताए ।

कोषले २०७२ जेठ ४ गते एड्भेन्चर टुर एण्ड ट्राभल्सका सञ्चालक कल्याण शर्मालाई पुनर्निर्माणको सैद्धान्तिक स्वीकृति दिएको थियो । शर्माले पुनर्निर्माणको काम सुरु गर्न नसकेपछि २०७४ सालमा सम्झौता रद्द गरियो । जिम्मा लिएका दाताले क्षतिग्रस्त मन्दिरको पुनर्निर्माण ३५ महिना बित्दा पनि नगरेपछि कोषले सम्झौता रद्द गरेको थियो ।

शर्माले भने सुरुमा पुरातत्त्वले नक्सा र डिजाइन स्वीकृत गर्न समय लगाएको, स्वीकृत भएर पुनर्निर्माण सुरु गर्दा स्थानीयवासीले अवरोध गरेकाले आफू पुनर्निर्माणबाट पछि हट्न बाध्य हुनुपरेको बताएका छन् ।

सती प्रथा रहुन्जेल राजा महाराजाको निधनमा सती जाने रानीको गरगहना सबै जयवागेश्वरीलाई चढाइने गरिन्थ्यो भन्ने भनाइ स्थानीयवासीबीच चर्चित छ ।

चढाइएको गरगहनालगायत सम्पत्तिको कुनै अभिलेख नरहेको पशुपति क्षेत्र विकास कोषका पूर्वसदस्य सचिव एवं संस्कृतिविद् डा. गोविन्द टण्डन बताउँछन् । पशुपति क्षेत्रमा रहेका ५१८ स्मारकमध्ये ९५ वटामा भूकम्पले क्षति पुर्‍याएको थियो । १५ सम्पदा पूर्णरूपमा क्षति भएका थिए । पशुपति क्षेत्रका ८० वटा सम्पदामा आंशिक क्षति भएको थियो ।

भूकम्पले प्रभावित ३२ जिल्लामध्ये २९ जिल्लाका ९२० सम्पदामा क्षति पुगेको थियो । तीमध्ये हालसम्म ६७० वटा सम्पदाको पुनर्निर्माण सम्पन्न भएको पुरातत्त्व विभागका प्रवक्ता रामबहादुर कुँवरले बताए । उनले भने, 'भूकम्पले अन्य संरचनामा क्षति पुगेका नवलपरासीका दुई जिल्ला र मुस्ताङका सम्पदामा भने क्षति गरेन ।'

### जयवागेश्वरीको ऐतिहासिक पृष्ठभूमि

जयवागेश्वरीको निर्माण कलिगत संवत् ३२३२ मा सुरु भएर ४७ वर्षपछि ३२७४ मा सम्पन्न भएको थियो । वि.सं. १९९० को भूकम्पले क्षति पुगेको मन्दिर त्यसबेला जीर्णोद्धार गरिएको थियो । मन्दिरको कलेबर १२/१२ वर्षमा फेर्ने गरिएको छ । कलेवर फेर्दा जयवागेश्वरी, गणेश र भैरवको माटाको नयाँ मूर्ति बनाइन्छ । जयवागेश्वरीमा टाउको काटिनुअघिको गणेशको मूर्ति रहेको छ । यसैले यहाँको गणेशको मूर्तिमा सूँढ नभएको स्थानीयवासी सन्देश मुनिकारले बताए ।

जयवागेश्वरीलाई महासरस्वती, महाकाली र महालक्ष्मीका रूपमा मानिए पनि विद्याकी देवीका रूपमा बढी पुज्ने गरिएको छ । तन्त्र साधना गर्नेले अन्तिममा जयवागेश्वरीमै आएर पूजा गर्ने परम्परा छ । मन्दिरसँगै सुन्धारा पनि स्थापना भएकामा हाल यसको अस्तित्व लोप हुने अवस्थामा पुगेको छ । जयवागेश्वरीको ठीक अघि तलेजु भवानीको मन्दिर स्थापना गरिएको छ ।

जयवागेश्वरी उपत्यकाको पुरानो राजधानी मानिन्छ । स्थानीयवासी मुनिकार ' गोल' भनिने जयवागेश्वरी उपत्यकाकै पहिलो बस्ती भएको बताउँछन् । यो बस्तीमा नौथरी जात, नौ पोखरी, नौ पाटी, नौ ढोकालगायत संरचना रहेकामा यो पनि लोपोन्मुखको अवस्थामा पुगेको छ ।

गोपाल र किरात शासनकालको राजधानी जयवागेश्वरी थियो । लिच्छविकालको राजधानी यहीँबाट सुरु भएर पछि हाँडीगाउँमा सरेको हो । मल्लकालमा हाँडीगाउँबाट हनुमानढोकामा राजधानी सारिएको इतिहासविद्हरूको भनाइ छ । ऐतिहासिक एवं साँस्कृतिक रूपले महत्त्वपूर्ण क्षेत्र भए पनि जयवागेश्वरीका सम्पदाको संरक्षण हुन नसकेकोको स्थानीयवासीको गुनासो छ । *रासस*

# होर्डिङ तथा डिजिटल बोर्डमाथि नियन्त्रण गर्दै कामपा




■ प्रभाव संवाददाता

**काठमाडौं –** अनधिकृत संरचना हटाउने अभियान चलाइरहेको काठमाडौं महानगरपालिकाले सहरी सौन्दर्यता कायम गर्ने कार्य थालनी गरेको छ । महानगरपालिकाले सहरलाई कुरूप बनाउने होर्डिङ बोर्ड तथा डिजिटल बोर्डमाथि नियन्त्रण गर्न थालेको हो ।

महानगरपालिकाले बुधबार एक सूचना जारी गरी अनुमति नलिई त्यस्ता बोर्ड तथा विज्ञापन राख्न नपाइने जानकारी गराएको छ । अनुमति नलिई वा विज्ञापन गर्न अनुमति लिएको अवधि समाप्त भएपछि निरन्तर होर्डिङ बोर्ड र डिजिटल बोर्ड तथा अन्य माध्यमसमेतबाट बाहृय विज्ञापन गरिरहेको देखिएको भन्दै महानगरले अब त्यस्तो गर्न नपाइने जनाएको छ ।

यस्ता विज्ञापन बुधबारदेखि नै हटाउन महानगरपालिकाले सरोकारवाला सबैसँग आग्रह गरेको छ । उच्च अदालत पाटनले गत भदौ ३० गते दिएको आदेशअनुसार पनि यस्ता विज्ञापनमाथि रोक लगाइएको सूचनामा उल्लेख छ ।

सूचना उल्लंघन गरी बाहृय विज्ञापन जारी राखेमा महानगर प्रहरीले प्रचारप्रसार बन्द गर्ने महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए ।


## बहराईन/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : STAR GROUP CO. W.L.L.

पूर्व स्वीकृति मिति २०७९/०५/३१ पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०५ LT. No. 236153 चलानी नं. ६०१५४७३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 100 | ३३,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EXPERT SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/३१ LT. No. 272074 चलानी नं. ६०१८७९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४२,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०७९ असोज १३ गते (29th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075

Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705

E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INPACT ENTERPRISE

पूर्व स्वीकृति मिति : २०७९/०५/२६ LT. No. 271386 चलानी नं.६०१८८०७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०७९ असोज १३ गते (29th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. Lic. No. 816/065/066

**IMPERIAL OVERSEAS PVT. LTD.**

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530,Fax : +977-1-4485522,

Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np



## बलेफी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बलेफी, सिन्धुपाल्चोक

**सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०७९/०६/०६**

**सिलबन्दी दरभाउपत्र सूचना नं. ०१/२०७९/०८०**

यस गाउँपालिकाको लागि आवश्यक मोटरसाइकल सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकाले त्यस्ता मोटर साइकलहरु उपलब्ध गराउन इच्छुक र योग्य फर्म/संस्था/कम्पनी/आपूर्तिकर्ताले देहायका शर्तहरुको अधिनमा रही रितपूर्वकको छुट्टा छुट्टै सिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिदेखि २०७९/०६/२३ गतेको कार्यालय समयभित्र फर्म/संस्था/कम्पनी/आपूर्तिकर्ताको लिखित निवेदन पेश गरी रु. १०००/- दस्तुर(पछि फिर्ता नहुने गरी) यस कार्यालयमा बुझाई यस कार्यालयबाट खरिद गर्न सकिने छ ।
२. सिलबन्दी दरभाउपत्र २०७९/६/२४ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु सोही दिन तुरुन्तै यस कार्यालयमा उपस्थित फर्म/संस्था/कम्पनीको प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर फर्म/संस्था/कम्पनीको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
३. सिलबन्दी दरभाउपत्र जमानत वापत रु. ४२,०००/-( अक्षरेपी बयालिस हजार) रकम यस कार्यालयको एन आई सि एसिया बैंक लिमिटेड खाडिचौर सिन्धुपाल्चोक शाखामा रहेको धरौटी खाता नं. J4CA000357052405 मा नगदै जम्मा गरी सोको सक्कलै बैंक भौचर वा प्रचलित कानून बमोजिम बैंक जमानत जारी गर्न इजाजत प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा ७५ (पचहत्तर) दिनसम्म मान्य अवधि भएको सिलबन्दी दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ ।
४. सिलबन्दी दरभाउपत्रदाताको ग्राह्यताको आधार प्रमाणित गर्न सिलबन्दी दरभाउपत्रदाताले मालसामान आपूर्तिको कारोबारो गर्न सक्ने आधिकारिक फर्म/संस्था/कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, व्यवसाय दर्ताको इजाजतपत्र आवश्यक पर्नेमा सो समेत, मूल्य अभिवृद्धि कर तथा स्थायी लेखा नं. दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति, आ.व. २०७७/०७८ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सिलबन्दी दरभाउपत्रदाताको Letter of Power of Attomey लगायतका आवश्यक कागजातहरु समेत संलग्न राख्नु पर्नेछ । रित नपुगी आएका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिनेछैन ।
५. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको निर्धारित समय र स्थानमा खरिद र दर्ता गर्नु पर्नेछ । यस्तो अवस्थामा सिलबन्दी दरभाउपत्र जमानतको मान्य अवधिको गणना साविककै मितिबाट गरिनेछ ।
६. सिलबन्दी दरभाउपत्र पूरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
७. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कार्यालयको फोन नं. ०११४००५३६ मा सम्पर्क राख्न सकिनेछ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६२/११/१९ मा दर्ता भएको **प्रा.लि. नं. ३८६३२** को **सोसियल कन्सल्टेन्सी प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPARK SECURITY SERVICES SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति २०७८/०६/२५ पुन विज्ञापन स्वीकृति मिति :२०७९/०६/०५ LT. No. 248136 चलानी नं. ६०१६७६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 176 | 38 | 2000 | ६९,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०७९ असोज १३ गते (29th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Tenduli International Employment Service Pvt. Ltd.** Govt. License 304/059/60

P.o.Box: 10943, New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977-1-4468734, 4104243

Fax: +977-1-4460562, Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०६/०६

यस कम्पनीको मिति २०७९/०५/२० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एम.ए. मल्टिप्रपोज बिजनेश प्रा.लि. (प्रा.लि. नं. २०७१४६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०५/३१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **हेभन इन गेष्ट हाउस प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०६/०६

यस कम्पनीको मिति २०७९/०५/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **नेपाल क्लोथ हाउस प्रा.लि. (प्रा.लि. नं. १२४६२५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०५/२९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सफल बस्त्रालय प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADMAC PROJECTS

पूर्व स्वीकृति मिति : २०७९/०६/०५ LT. No. 272365 चलानी नं. ६०१८८०८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 3 | 0 | 1000 | ३५,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०७९ असोज १३ गते (29th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Dream & Guide System Pvt. Ltd. श्रम इजाजत न. ६७१/०६३/०६४

**Dream & Guide System Pvt. Ltd.**

P.O.Box:- 144,Sundar Marg, Basundhara-3, Kathmandu, Nepal,

Tel: - +977-01-5905860, 5905859, Email: - dreamguidesystem@gmail.com/ info@dreamandguide.com, Web:- www.dreamandguide.com

## राष्ट्रपतिबाट...

पृष्ठ १ बाट जारी

पार्टीले पनि संघीय संसद्बाट पारित भई राष्ट्रपतिसमक्ष पठाइएको नागरिकतासम्बन्धी विधेयक समयावधिभित्र प्रमाणीकरण नभएकामा असन्तुष्टि जनाएको छ । पार्टीका अध्यक्ष वृषेशचन्द्र लालद्वारा जारी विज्ञप्तिमा विधेयक प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था राष्ट्रपतिबाट पालना हुन नसकेको भन्दै असन्तुष्टि जनाएको हो । विज्ञप्तिमा भनिएको छ, 'संविधानको धारा ६१ को (४) मा संविधानको पालना र संरक्षण राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ भन्ने उल्लेख छ । पुनः पारित भएको विधेयक राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ ।'

### राष्ट्रपतिको राजीनामा माग

बृहत् नागरिक आन्दोलनले नागरिकता विधेयक प्रमाणीकरण नगर्नु राष्ट्रपति विद्यादेवी भण्डारीको असंवैधानिक कदम भएको ठहर गर्दै उनको राजीनामा माग गरेको छ । आन्दोलनले बुधबार एक विज्ञप्ति जारी गरी यो घटना राष्ट्रपतिलाई महाभियोग लगाउन पर्याप्त हुनेसमेत उल्लेख गरेको छ ।

'संविधान उल्लंघन गर्दै बलमिच्याइँ गर्न खोज्ने राष्ट्रप्रमुखले पदको गरिमा मात्र कायम राख्न नसकेको होइन, लोकतान्त्रिक गणतन्त्रमाथि नै जोखिम उत्पन्न गरेको छ,' विज्ञप्तिमा भनिएको छ, 'त्यसैले व्यवस्था थप जोखिमपूर्ण बन्न नदिन तथा संविधानको सर्वोच्चता कायम राख्न राष्ट्रपति विद्यादेवी भण्डारीले पदबाट राजीनामा दिनुपर्ने बृहत नागरिक आन्दोलनको ठहर छ ।'

आन्दोलनले नागरिकता विधेयकमा भाँजो हालेर राष्ट्रपतिले लामो समयदेखि अनागरिकका रूपमा रहेका लाखौं व्यक्तिलाई नागरिक हुनबाट वञ्चित गरेको आरोप लगाएको छ । अनागरिकलाई नागरिक बनाउने उद्देश्यले ल्याइएको विधेयकलाई सरकारले अविलम्ब जारी गर्ने संवैधानिक बाटोको खोजी गर्नुपर्ने आन्दोलनको माग छ ।

### राष्ट्रपतिविरुद्ध सर्वोच्चमा रिट

यसैबीच राष्ट्रपति विद्यादेवी भण्डारीविरुद्ध सर्वोच्च अदालतमा रिट पेस भएको छ । अधिवक्ता डा. सुनिलरञ्जन सिंहसमेतले नागरिकता विधेयक प्रंमाणीकरण नगरेर राष्ट्रपतिले संविधान उल्लंघन गरेको भन्दै बुधबार सर्वोच्चमा रिट पेस गरेका हुन् ।

यद्यपि, उक्त रिट सर्वोच्चमा दर्ता भएको छैन । अदालतका कर्मचारीहरूले विहीबार निवेदन दर्ता हुने आश्वासन दिएको अधिवक्ता सिंहले बताए । रिटमा राष्ट्रपतिले विधेयक प्रमाणीकरण नगरेर संविधानको धारा १०, ११, १२, १३, १४, १५ १६(१), १८(१), ६६(१), १११ र ११३(४) को गम्भीर उल्लंघन गरेको दाबी गरिएको छ ।

## उपराष्ट्रपतिबाट प्रमाणीकरण...

पृष्ठ १ बाट जारी

बैठकमा सहभागी एक नेताले बताए ।

'संसद्बाट पारित भएर आएको विधेयक प्रमाणीकरण नगर्ने अधिकार राष्ट्रपतिलाई छैन, राष्ट्रपतिबाट प्रमाणीकरण नभएपछि उपराष्ट्रपतिकहाँ जानूस् वा अध्यादेश ल्याउनूस्,' कानुन व्यवसायीको भनाइ उद्धृत गर्दै ती नेताले भने । केही कानुन व्यवसायीले विधेयक स्वतः प्रमाणीकरण भएको मानी राजपत्रमा प्रकाशित गरेर कार्यान्वयनमा लैजान गठबन्धनलाई सुझाव दिएका छन् । साथै, राष्ट्रपतिको कदमविरुद्ध सर्वोच्चमा रिट लिएर जाने विकल्प पनि कानुन व्यवसायीहरूले सुझाएका छन् ।

## भ्रष्टाचार...

पृष्ठ १ बाट जारी

१.९, नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी ५.७, सञ्चार तथा सूचना प्रविधिसम्बन्धी एक, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी ४.८ र अन्य तीन प्रतिशत उजुरी परेको जनाइएको छ ।

### मधेस प्रदेश क्षेत्रमा बढी उजुरी

प्रदेशगतरूपमा विश्लेषण गर्दा सबैभन्दा बढी मधेस प्रदेश क्षेत्रका उजुरी रहेको छ । मधेश प्रदेश क्षेत्रका २४.२५ प्रतिशत उजुरी परेको छ । त्यसपछि बागमती प्रदेशका २४.१३ प्रतिशत उजुरी रहेको आयोगले जनाएको छ । गण्डकी प्रदेशको ७.६२, लुम्बिनी प्रदेशको १४.०१, कर्णाली प्रदेशको ८.१८ र सुदुरपश्चिम प्रदेशको १० .२० प्रतिशत उजुरी रहेको छ ।

प्राप्त विवरणमा आव २०७८/७९ मा कूल २४ हजार ३३१ उजुरी परेकामा १७ हजार १६९ (७०.६ प्रतिशत) उजुरी फर्स्योट भएको छ । त्यसमा आठ हजार ९३ उजुरी त्यसको अघिल्लो आर्थिक वर्षका थिए । फर्स्योट गर्न बाँकी सात हजार १६२ उजुरी अर्को आर्थिक वर्षका लागि सरेको छ ।

### ५० प्रतिशत उजुरी काठमाडौंमा

आयोगले कूल उजुरीमध्ये आधा काठमाडौंको टंगालस्थित केन्द्रीय कार्यालयमा परेको जनाएको छ । केन्द्रीय कार्यालयमा कूल २४ हजार ३३१ उजुरीमध्ये १२ हजार ३०० आयोगको केन्द्रीय कार्यालयमा परेको छ । सबैभन्दा बढी २७ प्रतिशत लिखित उजुरी परेको प्रवक्ता भण्डारीले जानकारी दिए ।

उजुरी स्रोतका आधारमा विश्लेषण गर्दा हुलाकमार्फत १७, इमेलबाट १७, वेबसाइटबाट १३.३, फोनबाट ४.६, समाचारपत्रमार्फत १.८ तथा फेसबुक, भाइबर, एसएमएसलगायतबाट अन्य उजुरी परेको जनाइएको छ ।

## चोरीको मोटरसाइकल बरामद

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका-६ बौद्ध बस्ने काभ्रेपलाञ्चोक चौरीदेउराली गाउँपालिका-१ वाङथली घर भएका २७ वर्षीय पेमा तामाङलाई चोरी गरेको मोटरसाइकलसहित सोमबार प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं बालाजु बाइपासस्थित सडक किनारमा पार्किङ गरी राखेको बागमती प्रदेश ०२-०२४ प ८५५० नम्बरको मोटरसाइकल गत भदौ ६ गते चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई चोरी गरेको मोटरसाइकलमा नक्कली नम्बरप्लेट नम्बर राखी चलाई राखेको अवस्थामा फेला पारी गोकर्णेश्वर नगरपालिका-६ नयाँवस्तीबाट पक्राउ गरेको हो ।

उनलाई चोरी गरेको उक्त मोटरसाइकल सहित थप अनुसन्धान तथा कारबाहीको लागि प्रहरी वृत्त बालाजु पठाइएको छ ।

सुदूरपश्चिम प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

## पूर्वाधार विकास कार्यालय

बझांग

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०७९/०६/०६)

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७९/०३/१५ को राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np.egp मा प्रकाशित बोलपत्र आव्हानको Single Stage Two Envelope ठेक्का सूचना वमोजिम निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावको मूल्याङ्कनमा निम्न बमोजिमका बोलपत्रदाताहरूले प्राविधिक प्रस्तावका शर्तहरू पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७९/०६/१३ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) को उपनियम ५ र ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | प्राविधिक प्रस्तावमा सफल बोलपत्रहरूदाताहरू |
|---|---|---|---|
| १. | IDOBJH /NCB/W/ Bulding/01/2078.079 | Construction of Multy story Inffrastructure development office Bulding, Bajhang | Shrijana-Chandrodaya-Ratadhunga JV., Dhangadhi Kailali |

**कार्यालय प्रमुख**


## कतारमा रोजगार

GEMCO SWIMMING POOLS & SPA DIVISION, पून:विज्ञापन
पुर्व स्विकृति मिति: २०७९।०२।१६ चलानी नं. ६०१८००३८ LT No. 263865

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 1 | काममा दक्ष | 1000 | 30000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७९ असोज १३ गते (29 September 2022) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

TALENT OVERSEAS SERVICE PVT. LTD. लागत खर्च: नि:शुल्क
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph No.:01-4113744



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AG APPAREL INDUSTRIES SDN BHD
पूर्व स्वीकृति मिति:२०७९/04/२६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०५ LT. No. 269265 चलानी नं. ६०१८५१८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 10 | 0 | 1500 | ४२,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १३ गते (29th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००४/०६८/०६९
Nepal Recruitment Consultancy Pvt. Ltd.
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOLLYWARE INDUSTRIES SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०६/03 LT. No. 272055 चलानी नं. ६०१८८०३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 26 | 0 | 1500 | ४२,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १३ गते (29th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SATRIA INTELLIGENCE AGENCY SDN BHD
पूर्व स्वीकृति मिति २०७८/१२/२४ पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०५ LT. No.260791 चलानी नं. ६०१७९०४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Seurity Guard | 16 | 0 | 1200 | ४०,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

कम्पनी : BARAKAT SALTI FOODSTUFF EST
पूर्व स्वीकृति मिति २०७९/०६/०२ LT. No.272136 चलानी नं. ६०१८८०३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 3 | 0 | 1400 | ४७,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १३ गते (29th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE NUMBER ONE DELIVERY OF CONSUMER ORDER KUWAIT.
पूर्व स्वीकृति मिति २०७९/०६/०५ LT. No. 272368 चलानी नं. ६०१८८०९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bike Rider | 4 | 0 | 140 | ५७,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Car Delivery Driver | 22 | 0 | 140 | ५७,९८० | | | | | | | |

कम्पनी : AL-SWEHLI DELIVERY COMPANY FOR CONSUMER ORDER KUWAIT
पूर्व स्वीकृति मिति २०७९/०६/०५ LT. No.272367 चलानी नं. ६०१८८०९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Bike Delivery Driver | 15 | 0 | 140 | ५७,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १३ र १४ गते (29 & 30th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's | | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary | | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष Male | महिला Female | | रिंगिट MYR | ने.रू. NPR | | | | | | | |
| 1 | कारखानामा काम गर्ने Factory Worker (Manufacturing Sec.) | १५० 150 | 0 0 | आधारभुत अङ्ग्रेजी पढन, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४२,०५० 42,050 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**Applicants are invited to apply without any middle man, Not required to pay any fees for this recruitment. MHR do not have any sub agents or branch office.**
आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग बिना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौ । यस कम्पनीमा जानका लागि कामदारबाट कुनै पनि शुल्क लिइने छैन् । यस मास ह्युमन रिसोर्स प्रा.लि को कुनै शाखा वा मध्यस्वकर्ता छैनन् ।

**We will give equal oppurtunities for all the applicants who are willing to join for this recruitment**
यस कम्पनीमा जान इच्छुक आवेदकहरुलाई हामी कुनै भेदभाव विना समान अवसर प्रदान गर्दछौ ।

MHR holds zero tolerance towards any kind of corruption, misconduct. All our valuable stakeholders are welcome to reach us through our hotline no. **+977-1-4983080** or email : **grievance.massmngt@gmail.com** directly. MHR will maintain your privacy.
हामी कुनैपनि प्रकारको भ्रष्टाचार/ दुराचार प्रति शून्य सहनशीलता राख्छौं । हाम्रा सबै मूल्यवान सरोकारवलाहरुलाई हाम्रो हटलाइन नम्बर वा इमेल मार्फत सम्पर्क गर्न अनुरोध छ । हामी तपाईको गोपनियता कायम राख्नेछौं ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १३ गते (29th Sep. 2022) मा हुनेछ ।

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।**
**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीबन बिमाकसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068

Samakhusi, KTM, Nepal, TEL: 4983088, 4955765

# प्रभाव दैनिक

रूपशाला



### कमेडियन राजु श्रीवास्तवको निधन

बलिउडका हास्यकलाकार राजु श्रीवास्तवको निधन भएको छ। उनको बुधबार बिहान नयाँ दिल्लीस्थित एम्स अस्पतालमा निधन भएको हो। ५८ वर्षीय राजुलाई ४३ दिनअघि १० अगस्टमा हृदयाघात भएको थियो। उनी आइसीयुमा राखेको १३ दिनपछि होसमा आएका थिए। तर, झन्डै डेढ महिना अस्पतालको कोमामा बसेका उनी अन्ततः महाप्रस्थान गरेका छन्। लखनउको कानपुरका राजु अमिताभ बच्चनको 'दिवार' फिल्म हेरेपछि अभिनेता बन्न मुम्बई आएका थिए।

बिहीबार, ६ असोज २०७९ (Thrusday, September 22, 2022)

# बेलायतमा छानियो भाउ




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली सर्ट फिल्म 'भाउ (कस्ट अफ लिभिङ)' बेलायतको 'फस्ट टाइम फिल्म मेकर सेशन्स एट पाइनउड स्टुडियोज' को छनोटमा परेको छ। यो स्टुडियो फिल्ममा करियर बनाउन चाहने जो कोहीको लागि लन्चप्याड सिर्जना गरि खोलिएको लिफ्ट अफ ग्लोबल नेटवर्कको सदस्यहरूको साइट हो।

लामो समयदेखि फिल्म तथा टेलिफिल्ममा अभिनय गरेका कलाकार सुवासप्रसाद गजुरेलले यस फिल्ममा मुख्य कलाकारको रूपमा भूमिका निर्वाह गरेका छन्. फिल्ममा सुजिता शाह, रेनुका कार्की र सुमन थापाको पनि अभिनय छ।

काठमाडौं र भक्तपुरमा छायांकन भएको फिल्मको लेखन तथा निर्देशन रंगकर्मी तथा सञ्चारकर्मीसमेत रहेका मोहन अभिलाषीले गरेका हुन्। फिल्मको छायांकन नारायण जिसीले गरेका हुन् भने सहायक निर्देशन करण साउदले गरेका छन्। कवाडीवालाको कथा रहेको फिल्ममा मानिसको जीवनको मूल्य र मानिसको जीवन यापनको लागि हुने लागतलाई दर्शाउन खोजिएको छ।

# 'बजारले कलात्मक र व्यावसायिक फिल्मको मिश्रण खोजिरहेको छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेता हरिवंश आचार्यले कोरोना भाइरसको महामारीपश्चात् नेपाली फिल्म बजारमा बढी नै उतारचढाव देखिएको बताएका छन्। उनी अभिनित फिल्म 'महापुरुष' को दोस्रो गीत 'बेमौसमी' सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा अभिनेता आचार्यले केही फिल्म रेकर्ड बनाउने गरी सफल भएका र केहीले भने अपेक्षा भन्दा निकै कम व्यापार गरेको बताए।

अहिले आर्ट र कमर्सियल भ्यालु बोकेका फिल्म बजारमा दर्शकले पर्खिरहेको विचार राख्दै त्यो 'महापुरुष' रहेको बताए। 'अहिले दर्शकले आर्ट र कमर्सियल दुवै भएको फिल्म हेर्न खोज्नुभएको छ। महापुरुषमा यी दुवैको मिश्रण छ। यहाँ कमर्सियल भ्यालु राखेर आर्टमा अब्बल फिल्म बनाइएको छ,' उनले भने। नेपाली फिल्मको बढ्दो बजारलाई यसले अझै फाइदा पुऱ्याउने उनले बताए। केही समययता आर्ट भ्यालु बढी भएका फिल्ममा दर्शकको उपस्थिति कम देखिएको उनले बताए।

अभिनेता आचार्यले पूर्णरूपमा व्यावसायिक कलात्मक फिल्म 'महापुरुष' रहेको बताए। 'यसपटक स्क्रिप्ट झनै मेहनत गरेको पाएँ। यो टिमले निर्माण गर्नुभएको अघिल्लो फिल्मको तुलनामा यो उत्कृष्ट छ,' उनले भने।

जात्रा, 'सत्रुगते' र 'जात्रै जात्रा'को सफलताले आफूलगायत टिममा दायित्व थपिएको निर्देशक प्रदीप भट्टराईले बताए। 'हामीलाई दर्शकले गर्नुहुने विश्वासले थप जिम्मेवार बनाएको छ। यसपटक हामीले समाजको गम्भीर विषयलाई सरल तरिकाले देखाउने कोसिस गरेका छौँ। समाजमा विध्यमान सोचलाई भत्काउने प्रयास हाम्रो हो,' उनले भने।

'लोभी पापी' पश्चात् दोस्रो पटक अभिनेता आचार्यसँग स्क्रिन सेयर गर्न पाउँदा अभिनेत्री गौरी मल्ल खुसी छन्। 'यो टिमले मलाई अहिलेको मेकिङ शैलीसँग नजिकबाट साक्षात्कार गरायो। हरिदाइको जोडी बनेर देखिन पाउँदा खुसी छु। हामीले नजरअन्दाज गरिरहेको गम्भीर विषयलाई रमाइलो शैलीमा प्रस्तुत गरिएको छ,' अभिनेत्री मल्लले भनिन्।

यसै फिल्मबाट अरुण क्षेत्री र अञ्जना बराइली डेब्यु गर्दै छन्। मह जोडीसँग डेब्यु गर्न पाउँदा अरुण निकै उत्साहित छन्। 'म जापान छाडेर यहाँ अभिनयमा आफ्नो भविष्य बनाउन प्रयासरत थिएँ। उनहरूसँग जोडिएर पाइला टेक्न पाउँदाको खुसी शब्दमा व्यक्त गर्न सकिँदैन। डेब्यु फिल्ममै मैले उनहरूबाट धेरै सिकेको छु,' अरुणले भने। डेब्यु अभिनेत्री अञ्जनाले आफ्नो लागि स्कुलिङ भएको बताइन्।

फिल्म 'महापुरूष' आउँदो कात्तिक ११ अर्थात् भाइटीकाको भोलिपल्ट प्रदर्शन हुँदैछ। सामाजिक विषयवस्तुमा आधारित ड्रामामा मदनकृष्ण श्रेष्ठ, रवीन्द्र सिंह बानियाँ, राजाराम पौडेल, शिखा तामाङ, कोपिला थापा, शिरु विष्ट, कविता श्रेष्ठ, नरेन्द्र कङ्साकार, सविन बाँस्तोला, नरेश पौड्याल, प्रेम पाण्डे, सुमन रिमाल, माधव अधिकारी, प्रकाश भट्टराई, घनश्याम जोशी, अर्जुन आचार्य, पण्डित प्रज्वल लुइँटेलगायतले पनि अभिनय गरेका छन्। यसमा निर्देशक भट्टराईकै लेखन रहेको छ। षट्कोण आर्टस् प्रालीको ब्यानरमा निर्माण भएको फिल्ममा कार्यकारी निर्माता रवीन्द्रसिंह बानियाँ छन्। फिल्ममा दीपक बज्राचार्यले छायाङ्कन, मित्र डी गुरुङले सम्पादन गरेका छन्। यही फिल्मबाट कवि नवराज पराजुलीले गीतकारका रूपमा फिल्ममा डेब्यु गरेका छन्।

# नालापानीको अस्ट्रेलियामा प्रिमियर हुँदै

**काठमाडौं (प्रस)–** ऐतिहासिक विषयवस्तुमा निर्माण भएको फिल्म 'नालापानी' को अस्ट्रेलियामा ग्राण्ड प्रिमियर गरिने भएको छ। तिहारको अवसर पारेर कार्तिक ४ गतेबाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्म अस्ट्रेलियामा एम्सन इन्टरटेन्टमेन्ट, ग्रीन हिल्स इन्टरटेन्टमेन्ट, आरकेएस अस्ट्रेलिया र अर्बिट अस्ट्रेलिया ग्रुपले मिलेर प्रिमिएर गर्न लागेको हो।

फिल्म अगामी शनिवार अर्थात २४ सेप्टेम्बरमा प्रिमियर हुनेछ। रिमेश अधिकारीले निर्देशन गरेको फिल्म सन् १८१४ मा देहरादुनस्थित नालापानी गढीमा भएको अंग्रेज-नेपाल युद्धमा नेपाली फौजका तर्फबाट कप्तानी गरेका वीर बलभद्र कुँवरले लडेको ऐतिहासिक लडाईंलाई आधार बनाएर निर्माण भएको हो।

देशभक्त खनाल, अर्जुनजंग शाही, सन्तोष पन्त, मनोज शाक्य, बिशाल पहारी, विजय बिष्फोट, पूजना प्रधान, गीता अधिकारी, महाविर विश्वकर्मा, ईशान बिजु श्रेष्ठ, हिक्मत थपलिया, शारिता राजोपाध्याय, लक्ष्मी नाथ, गायत्री घिमिरे, जनक बर्तौला, विशाल श्रेष्ठ, सहिना भट्टराई, गीता बिष्ट, युगजंग कार्की, सिमन खड्का, सुशील खडका लगायतको अभिनय छ। रिमेश अधिकारी फिल्म प्रोडक्सन, वीर गोर्खाली फिल्मस् र गंगा नारायण फिल्म प्रोडक्सनको ब्यानरमा फिल्म निर्माण भएको हो। फिल्मका निर्माता सपन कुमार थापा, सहनिर्माता गणेश कार्की र कार्यकारी निर्माता घनेन्द्र थपलिया हुन्।

## रंगशाला

# कुशल र दीपेन्द्रको वरीयता सुधार



**काठमाडौं (प्रस)–** नेपाली राष्ट्रिय क्रिकेट टिमका ब्याट्सम्यान कुशल भुर्तेल र दीपेन्द्र सिंह ऐरी आइसिसी ब्याटिङ वरीयतामा सुधार भएको छ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आइसिसी) ले अपडेट गरेको टी-ट्वान्टीको नयाँ वरीयतामा दुबैको वरीयता एक स्थान सुधार भएको हो।

नयाँ वरीयतामा कुशल ५१ औं तथा दीपेन्द्र ५८ औं स्थानमा रहेका हुन्। बलिङतर्फ सन्दीप लामिछाने १ स्थान तल झर्दै ६२ औं स्थानमा झरेका छन्।

दीपेन्द्र अलराउण्डर वरीयताको १० औं स्थानमा कायमै रहेका छन्। ब्याटिङतर्फ पाकिस्तानका मोहमद रिजवान शीर्ष स्थानमा यथावत रहेका छन्। बलिङमा जोस हाजलउड शीर्ष स्थानमा रहदा अलराउण्डरमा शकिब अल हसन शीर्ष स्थानमा छन्।

# डिएभीलाई उपाधि

**काठमाडौं (प्रस)–** चौथो सुशील केडिया मेमोरियल अन्तर स्कुल इन्डोर क्रिकेट प्रतियोगिताको उपाधि आयोजक डिएभी स्कुलले जितेको छ। ललितपुरस्थित भनिमन्डलमा सम्पन्न प्रतियोगिताको फाइनलमा डिएभीले मोडर्न इन्डियन स्कुललाई ५ विकेटले पराजित गर्यो। पहिले ब्याटिङ गर्दै मोडर्न इन्डियनले दिएको १०६ रनको लक्ष्य डिएभीले २ बल बाँकी रहँदा ३ विकेट गुमाएर भेटायो।

डिएभीको जितमा आयुष झाले अविजित रहँदै ४२ रन बनाए भने आदर्श अग्रवालले २५ रन योगदान दिए। मोर्डन इन्डियनको ब्याटिङमा मृत्युन्जय पलले ४९ रन योगदान दिएता पनि जितको लागि पर्याप्त हुन सकेन। प्रतियोगिताको उत्कृष्ट खेलाडी मोडर्न इन्डियन स्कुलका आयुष जैसवाल घोषित भए। यस्तै उत्कृष्ट ब्याट्सम्यान इन्डियन स्कुलकै मृत्युन्जय पल तथा उत्कृष्ट बलर डिएभीका आयुष जैसवाल घोषित भए।

प्रतियोगितामा डिएभी र मोडर्न इन्डियनसँगै बर्नहार्ट कलेज र ब्लु बर्ड स्कुल सहभागी थिए। सहभागी ४ वटै टिमले एक अर्का बिरुद्ध लिग चरणमा एक/एक खेल खेलेपछि उत्कृष्ट दुई टिम फाइनल पुगेका थिए।

# प्रदेशस्तरीय खेलकुद पत्रकारिता तालिम



■ प्रभाव संवाददाता

**पोखरा–** नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको संयोजनामा पोखरामा आयोजित दुईदिने प्रदेश स्तरीय खेलकुद पत्रकारिता तालिम बुधबार सम्पन्न भएको छ।

तालिमको समापन गर्दै गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा बजेट अभाव हुन नदिने पुनः दोहोऱ्याए।

लामो समयपछि गण्डकी प्रदेशमा आयोजना हुन लागेको प्रतियोगितालाई सफल पार्ने दायित्व सबै गण्डकी प्रदेशबासीको हुने उनको भनाई थियो। नेपाल खेलकुद पत्रकार मञ्चले प्रतियोगितालाई लक्षित गरेर पत्रकारिता तालिम आयोजना गरेकोमा उनले खुशी व्यक्त गरे। मञ्चले गर्ने विभिन्न कार्यक्रममा प्रदेश सरकारको सहचोग रहदै आएको तथा आगामी दिनमा समेत निरन्तर सहचोग रहने उनले बताए।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको समापन कार्यक्रममा नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका निवर्तमान अध्यक्ष एकराज गिरी, नेपाल खेलकुद पत्रकार मञ्चका सचिव अञ्जन खड्का, प्रशिक्षार्थीहरू कमल पौडेल अथक, प्रतिक्षा काफ्ले र हरि खरेल, मञ्च गण्डकीका उपाध्यक्ष सुरज श्रेष्ठ तथा महासचिव राजाराम पौडेलले बोलेका थिए।

गण्डकी प्रदेशका खेल क्षेत्रमा रुचि राख्ने पत्रकारको लागि आयोजना गरिएको तलिममा गण्डकी प्रदेशका विभिन्न जिल्लामा कार्यरत ८० भन्दा बढी पत्रकारको सहभागीता रहेको महासचिव राजाराम पौडेलले जनाए।

तालिमको दोस्रो दिनमा दुर्गानाथ सुवेदी देवेन्द्र, सुवास खड्का, कृष्ण तिमिल्सिना, मेजर लक्ष्मीप्रसाद गुरुङ, राजन सुब्बा, राजेन्द्र तामाङ, राजन नेपाली, जगत धौली, रामबहादुर क्षेत्री, आनन्द कुँवर, भीम पराजुली, चित्रबहादुर थापा, गज बहादुर गुरुङ, चिन बहादुर थापा, जगन वि.क., आकाशचन्द्र घर्ती मगर, शिव पुन लगायतका प्रशिक्षकले प्रशिक्षण दिए।

यसअघि तालिमको पहिलो दिनमा कुल १३ जना प्रशिक्षकले प्रशिक्षण दिएका थिए। यसरी प्रशिक्षण प्रदान गर्नेमा योगेन्द्र शेरचन, पुनम गुरुङ, बिशाल कुँवर, सन्दिप बराल, मोहन गुरुङ, गोपाल श्रेष्ठ, रिजन प्रजु, राजन बडगामी, रामकृष्ण ज्ञवाली, राम गुरुङ, निरज थापा, प्रियंका बर्मा र योगेश भट्टराई थिए। दुवै दिनको प्रशिक्षण प्रश्चात खेल क्षेत्रमा कलम चलाउन नयाँ जोश थपेको सहभागीको प्रतिक्रिया थियो। तालिममा सिकेका कुरालाई व्यवहारमा परिणत गर्ने प्रतिवद्धता उनीहरूले गरे।

राष्ट्रिय खेलकुद परिषदको आयोजना भएको तालिमा प्रदेश खेलकुद परिषद गण्डकीले सहकार्य गरेको थियो। यसैगरी कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय गण्डकी प्रदेश, पोखरा महानगरपालिका, मादि गाउँपालिका, रूपा गाउँपालिका, अन्नपूर्ण गाउँपालिका, माछापुच्छे गाउँपालिका, केटिएम सिटी, वरपिपल रिर्सोट लगायतको सहचोग तालिममा रहेको थियो।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता असोज २८ देखि कार्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा हुँदैछ। ३९ वर्षपछि गण्डकी प्रदेशमा हुन लागेको सोही प्रतियोगितामा समावेश गरिएका ३६ खेलहरूको समाचार लेखनमा सहज पुऱ्याउने उद्धेश्यले तालिम आयोजना भएको तालिम संयोजक समेत रहेका नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले बताए। मञ्चले आगामी दिनमा पनि पत्रकारको दक्षता अभिवृद्धि गर्नको लागि तालिम आयोजना गर्ने बरालले जनाए।

# खुला टेबलटेनिसमा राजेन्द्र र आनन्द पहिलो

■ प्रभाव संवाददाता

**काठमाडौं–** गोड स्पिनका राजेन्द्र कपाली र ललितपुरका आनन्द धाक्वा केकेएम/एनआरटी खुला टेबलटेनिस प्रतियोगितामा बुधबार पहिलो भएका छन्। पुरुष भेट्रान सिंगल्सको ५० वर्षमाथि राजेन्द्र र ६० वर्षमाथि आनन्द पहिलो भएका हुन्।


काठमाडौं खेल मण्डल (केकेएम)/न्यु रोड टिम (एनआरटी) द्वारा संयुक्त आयोजित प्रतियोगिताको ५० वर्षमाथि फाइनलमा राजेन्द्रले एनिज पिङपोङ क्लबका कपुर शर्मा पौडेललाई ११-८, ८-११, १२-१० र ११-३ को सेटमा पराजित गरे। ललितपुरका किरण व्यञ्जनकार र एनिजका प्रकाश धाक्वा तेश्रो भए।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको ६० वर्षमाथि फाइनलमा आनन्दले आदर्श विद्या मन्दिर (एभीएम) का मदन आचार्यलाई ११-२, ११-४ र ११-७ को सोझो सेटमा हराए। डिल्लीबजारका पूण्य पौडेल र कान्तिपुर भ्याली पिङपोङ क्लबका जगदीशवरप्रसाद जोशी तेश्रो बने।

जुनियर गर्ल्स यु-१९ सिंगल्समा मोर्डन कलेजकी दिया देउलाले नेपाल आर्मीकी सुस्मिता खड्कालाई १७-१५, १४-१२ र ११-७ तथा एपीएफकी वियंका राईले केकेएम/एनआरटीकी अन्जु सुवाललाई ११-८, ११-७ र ११-६ को सीधा सेटमा पाखा लगाउदै फाइनलमा स्थान सुरक्षित गरे।

सोही स्पर्धाको ब्वाइजमा मकवानपुरका विशाल गोले, केकेएम/एनआरटीका धनन्जय दाहाल र हिमाल विष्ट तथा एपीएफका रुविन महर्जन सेमिफाइनलमा पुगे।

# दक्षिणी पाकिस्तानमा डेंगुको प्रकोप बढ्दै, २७ को मृत्यु



**इस्लामावाद–** पाकिस्तानमा डेंगु ज्वरोको फैलावट लगातार बढिरहेको छ । यो महिना देशको दक्षिणी प्रान्त सिन्धमा हालसम्म डेंगु संक्रमणका कारण २७ जना बिरामीको मृत्यु भएको प्रान्तीय स्वास्थ्य विभागले जनाएको छ ।

यस संक्रमणका कारण मृत्यु भएका सबै सिन्ध प्रान्तको प्रान्तीय राजधानी अर्थात् देशको सबैभन्दा ठूलो सहर कराचीमा भएको बताइएको छ । गत २४ घण्टामा सिन्ध प्रान्तमा कूल ३५३ जना नयाँ संक्रमित भएका विभागले मंगलबार साँझ जानकारी दिएको छ ।

सेप्टेम्बर महिनामा बिरामीको संख्या तीन हजार ५९४ पुगेको छ । वर्षभरि कूल बिरामीको संख्या छ हजार १६३ पुगेको छ ।

उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तमा गत २४ घण्टामा २८४ लाई डेंगु संक्रमण भएको प्रान्तीय स्वास्थ्य विभागले जनाएको छ । यस वर्ष खैबर पख्तुनख्वा प्रान्तमा एक हजार ७२९ सक्रिय संक्रमितको संख्या रहेका छन् । कूल संक्रमितको संख्या पाँच हजार २६४ पुगेको बताइएको छ ।

यसबाहेक, पूर्वीपञ्जाब प्रान्तमा पछिल्लो २४ घण्टामा २१५ संक्रमित भएका प्रान्तीय स्वास्थ्य अधिकारीले मंगलबार बिहान जानकारी दिएका छन् ।

पञ्जाबको राजधानी लाहोरमा १०५ जना संक्रमित भएका छन् । रावलपिंडी सहरमा ५४ जनामा संक्रमण देखिएको छ । यस वर्ष रावलपिंडीमा कूल संक्रमितको संख्या तीन हजार ६४५ पुगेको छ ।

यसैबीच २४ घण्टाको समयावधिमा अर्थात् मंगलबार साँझसम्म पाकिस्तानको विभिन्न भागमा परेको मुसलधारे वर्षापछिको बाढीमा परी १० जनाको मृत्यु भएको राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरण (एनडिएमए)ले जानकारी दिएको छ ।

बाढीसम्बन्धी छुट्टाछुट्टै घटनामा ज्यान गुमाउनेमध्ये चार बालबालिका र दुई महिला रहेका एनडिएमएले मंगलबार जनाएको छ । देशको सबैभन्दा बढी प्रभावित क्षेत्र दक्षिणी सिन्ध प्रान्त नौ जनाको मृत्यु भएको छ । एनडिएमएले मंगलबार राति सार्वजनिक गरेको विवरणअनुसार देशका छुट्टाछुट्टै स्थानमा भएका बाढीसम्बन्धी घटनामा एक हजार ५६९ जनाको मृत्यु भएको छ । बाढीजन्य भवितव्यमा परी १२ हजार ८६० जना घाइते भएका छन् ।

यस प्रकोपले ५० हजार ९४० घर क्षतिग्रस्त पारेको समाचारमा जनाइएको छ । बाढी प्रभावित क्षेत्रमा प्राधिकरण, अन्य सरकारी संस्था, स्वयंसेवी र गैरसरकारी संस्थाले उद्धार तथा राहत सामग्री वितरणलाई निरन्तरता दिइरहेका छन् । *रासस/सिन्ह्वा*

# कोभिडको नयाँ लहरका लागि तयार रहन आग्रह

**दि हेग–** युरोपियन मेडिसिन एजेन्सी (इएमए)ले युरोपमा कोभिड-१९ को नयाँ लहर आउनसक्ने भन्दै त्यसका लागि तयार रहन आग्रह गरेको छ । सो एजेन्सीले कोभिड-१९ को महामारी पूर्णरूपमा टरेको नभएर अहिले केही कम मात्र भएको भन्दै युरोपमा अर्को लहर आउनसक्ने भएकाले तयार रहन भनेको हो ।

मंगलबार युरोपियन मेडिसिन एजेन्सीले युरोपका देशमा अहिले महामारी कम भएको देखिएको तर यहाँका नागरिकमा यसको प्रकोप भने नघटेको बताएको हो । एजेन्सीका प्रमुख म्याक्रो क्याबलेरीले सो कुरा बताएका हुन् ।

उनले भनेका छन्, 'यहाँका देशहरूमा अहिले कोभिडको संक्रमण घटेको पाइएको छ । युरोपियन देशले आगामी दिनमा यो महामारीको अर्को लहर आउनसक्छ भनेर यसबाट बच्ने उपायको तयारीमा लाग्नुपर्छ ।'

उनले युरोपमा आगामी शरद ऋतुमा यसको प्रकोप थप बढ्नसक्ने बताएका छन् । गएका दुई वर्षदेखि यो ऋतुमा कोभिडको महामारी बढेको पाइएकोले अब आउने सो ऋतुमा पनि महामारीको प्रकोप बढ्नसक्छ भन्ने हिसाबको तयारी गर्नुपर्ने उनको भनाइ छ ।

क्याबलेरीले पहिलेका वर्षका तुलनामा पछिल्लो समयमा विकासित भएका कोभिडका नयाँ प्रजातिको प्रभाव झन् धेरै देखिएकाले पनि यो प्रकोपबाट हुनसक्ने क्षतितर्फ सचेत रही तयारीका साथ रहन आग्रह गरेका छन् । *रासस/सिन्ह्वा*

## रुसी सैन्य परिचालन 'गलत कदम' : जर्मनी

**बर्लिन–** जर्मन उपचान्सलर रोबर्ट हबेकले युक्रेनमा रुसको युद्धलाई समर्थन गर्न आंशिक सैन्य परिचालनका लागि राष्ट्रपति भ्लादिमिर पुटिनको आदेश 'खराब र गलत कदम' भएको बताएका छन् ।

'रुसको आंशिक सैन्य परिचालनले अन्तर्राष्ट्रिय कानुनको उल्लंघन गर्छ, युद्धलाई अझ बढाउँदै छ,' अर्थव्यवस्था मन्त्रीसमेत रहेका हबेकले बुधबार मन्त्रालयको ट्विटरमार्फत विज्ञप्ति जारी गर्दै भनेका छन् । *रासस/सिन्ह्वा*


## भूल-सुधार गरिएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक १५० असोज ०५ गते २०७९ मा प्रकाशित भएको **KINGFISHER OVERSEAS PVT.LTD** को Lot No. **265942** को HAPPY ALLIANCE (M) SDN BHD को विज्ञापनमा पद- **Factory Workers** मा Male कामदारको संख्या ३२ हुनुपर्नेमा अन्यथा हुन गएकोले भूल-सुधार गरिएको जानकारी गराईन्छ ।

**Kingfisher Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १३३/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160,
Email: kingfisheroverseasnepal@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GMK MARKETING SDN BHD
पूर्व स्वीकृति मिति: २०७९/०६/०३ | LT. No. 272132 | चलानी नं. ६०१८८०३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४२,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १३ गते (29th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रोजगारदाता आफैले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**J.P. Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. १२५७/०७४/०७५
Pingalasthan-9 Gausala, Ktm Nepal,Tel: +977-4490851
E-mail:jpoverseasnp@gmail.com, Web:www.jpoverseasnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASUKA BINA SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/०५/२९ | LT. No. 271813 | चलानी नं. ६०१८७९५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 90 | 0 | 1500 | ४२,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १३ गते (29th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT. LTD**
श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BERKELY SECURITY SERVICES & BUILDING CLEANING (BR. OF BERKELEY SERVICES LLC)
पूर्व स्वीकृति मिति २०७९/०२/११ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०५ | LT. No.263326 | चलानी नं.६०१७९७४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 153 | 35 | 800 | २७,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान र मिति:
झापा, बिर्तामोड -(CP HOTEL) २०७९ असोज २६ गते (12th Oct. 2022) मा हुनेछ ।
सुनसरी -ईटहरी -(LONDON HOTEL) २०७९ असोज २७ गते (13th Oct. 2022) मा हुनेछ ।
कास्की-पोखरा (Leknath Metropolitan City, Bajeko Sekuwa): २०७९ असोज २८ गते (14th Oct. 2022) मा हुनेछ ।
रुपन्देही-बुटवल (Butwal Sub-Metropolitan City, Asian Party Palace): २०७९ असोज २९ गते (15th Oct. 2022) मा हुनेछ ।
चितवन -भरतपुर -(Bharatpur Metropolitan City, RED CARPET HOTEL): २०७९ असोज ३० गते (16th Oct. 2022) मा हुनेछ ।
काठमाण्डौं - (MANPOWER HEAD OFFICE ): २०७९ असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क ।-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**(डि. के. रिभर ओभरसिज प्रा.लि)**
Govt.Lic. No. 1102/073/074
Tokha-09, Gongabu, Kathmandu, Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com



## FREE VISA, FREE TICKET !!!!
## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ARZ AUTOMATIC BAKERY
पूर्व स्वीकृति मिति २०७९/०६/०५ | LT. No. 272314 | चलानी नं. ६०१८८०७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dough Kneader.. | 10 | 0 | 1100 | ३८,६७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Sweet Maker | 10 | 0 | 1300 | ४५,७१० | | | | | | | |

कम्पनी : TRI CONSTRUCT WLL
पूर्व स्वीकृति मिति : २०७९/०५/२६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०५ | LT. No.271648 | चलानी नं. ६०१८७३७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 30 | 0 | 1100 | ३८,६७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Vehicle Driver | 5 | 0 | 2200 | ७७,३५५ | | | | | | | |
| 3 | Labour | 31 | 0 | 1000 | ३५,१६० | | | | | | | |
| 4 | Mason | 10 | 0 | 1100 | ३८,६७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १३ गते (29th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**
श्रम ईजाजत नं. १०५०/०७३/०७४
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653,
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HAMAD SECURITY SERVICES
पुर्व स्वीकृति मिति २०७९/०६/०५ | LT. No. 272327 | चलानी नं. ६०१८८०७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 6 | 1 | 1500 | ५२,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १३ गते (29th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.**
श्रम ईजाजत नं. ५०३/०६१/०६२
पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन: ५४५६०२०/५४५६०१९
सम्पर्क नं :९८०११०५५७७,९८०१२५०५५५



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE-I CORPORATION SDN.BHD.
पुर्व स्वीकृति मिति २०७६/११/१२ | LT. No. :272304 | चलानी नं.६०१८८०९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 21 | 0 | 1500 | ४२,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १३ गते (29th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**KALIKA HUMAN RESOURCE PVT LTD**
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803 ,4965281, Mobi No.: 977-9851185716, 9818121112, Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAXIS CORP
पूर्व स्वीकृति मिति : २०७८/११/०१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०५ | LT No.257788 | चलानी नं.६०१७४४१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 2 | 14 | 1000 | ३५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : REGENCY POOLS AND LANDSCAPING
पूर्व स्वीकृति मिति : २०७९/०३/१४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०५ | LT No.266097 | चलानी नं.६०१८२००७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 200 | 0 | 1000 | ३५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १३ गते (29th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Golden Gateway Internatioal P. Ltd.**
श्रम ईजाजत नं. १४४३/०७४/०७५
P.o.Box. No. 10443, Ekata Tole, Sinamangal-9, Kathmandu, Nepal
Tel No. +977-1-4448156, 4465976, E-mail : goldengatewayintenational@gmail.com



## युएई/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPARK SECURITY SERVICES SOLE PROPRIETORSHIP LLC
पूर्व स्वीकृति मिति : २०७८/०८/२७ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०५ | LT. No. 253653 | चलानी नं. ६०१७०४६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 30 | 1920 | ६६,८९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard (ASSD) | 150 | 30 | 2000 | ६९,६८५ | | | | | | | |

कम्पनी : NEW CITY CONTRACTING
पूर्व स्वीकृति मिति : २०७९/०६/०५ | LT. No. 272271 | चलानी नं. ६०१८८०८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 2 | 0 | 1200 | ४२,१७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 3 | 0 | 1100 | ३८,६६० | | | | | | | |
| 3 | Clerical (Gen) | 1 | 0 | 2200 | ७७,३२५ | | | | | | | |
| 4 | Salesman | 1 | 0 | 1400 | ४९,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १३ गते (29th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ALPHA SIGMA OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ५१६/०६१/०६२
P.O.Box : 10443, Sinamangal-09, Kathmandu, Nepal
Tel : +977-1-4561946, 4561827 Fax : +997-1-4465976
E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np,Website : www.Imperial.com.np



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९१,३०० | प्रति तोला - ९०,८०० | प्रति तोला - ११७० |

## बाहृय उत्पादनको भरले मात्र देश समृद्ध बन्न सक्दैन : अर्थमन्त्री शर्मा

■ प्रभाव संवाददाता

**गोरखा–** अर्थमन्त्री जनार्दन शर्माले बाहृय देशको उत्पादन ल्याएर नेपालमा बिक्री वितरण मात्र गर्ने परिपाटीले देश समृद्ध बन्न नसक्ने बताएका छन् ।

लिगलिग पालुङटार उद्योग वाणिज्य संग पालुङटार नगरपालिकाको आयोजनामा गोरखामा बुधबारदेखि सुरु भएको 'लिगलिग पालुङटार महोत्सव, २०७९' को उद्घाटन कार्यक्रममा उनले आफ्नो देशका लागि आफैं उत्पादन गर्ने र अरुका बाह्य देशमा पुऱ्याउन सक्ने व्यवसायले मात्र देश छिट्टै समृद्ध बन्ने बताए ।



'हामीले अहिले गरिरहेको धेरैजसो व्यवसाय बाहिरबाट ल्याएर गर्ने गरेका छौं,' उनले भने, 'उत्पादन हामी आफैं उपयोग गर्ने, अरुकोमा पुऱ्याउने खालको व्यवसाय हामीलाई आज आवश्यक छ ।' अर्थमन्त्री शर्माले त्यसका लागि देशमा हरेक खालका व्यवसायलाई आर्थिक उत्पादनसँग जोडेर सहरीकरण गर्न सक्यौं भने मात्र वास्तविक विकास हुने उनको भनाइ छ । अर्थमन्त्री शर्माले विकासबाट जनताको आर्थिक जीवनमा सांस्कृतिक जीवनमा परिवर्तन गर्न सक्नुपर्ने बताए ।

उनले अबको विकासको मान्यता आर्थिक सामाजिक र सांस्कृतिकरूपमा जनताको जीवनलाई बदल्न सक्ने खालको हुनुपर्ने बताए । अर्थमन्त्री शर्माले उत्पादन जोडेर विकास निर्माणलाई अगाडि बढाउँदा पनि संस्कृति, अर्थतन्त्र र सामाजिक वातावरण निर्माण गर्ने कुरामा ध्यान पुऱ्याउन सके यसले समग्र विकासलाई जोड्ने सक्ने उल्लेख गरे ।

संविधानले सामाजिक न्यायसहितको समाजवादको आधार तयार गर्ने स्पष्ट किटान गरेको भन्दै उनले गरिबीको अन्त्य र समानताको वातावरण निर्माण गर्न जनताको न्यूनतम आवश्यकता परिपूर्ति गर्ने क्षमता सरकारले बताउनुपर्ने अहिलेको अवस्था रहेको बताए ।

अर्को फरक प्रसङ्गमा अर्थमन्त्री शर्माले लिगलिगकोटको दौड पर्यटनका दृष्टिकोणले ऐतिहासिक भएको भन्दै अब यसलाई राजनीतिक पर्यटनका हिसाबले समेत उपयोग गर्न सक्नुपर्ने बताए ।

'लिगलिगकोट नाम मात्र नभएर एउटा इतिहास बोकेको स्थल पनि हो, यहाँको छुट्टै संस्कृति छ र परम्परा छ,' उनले भने, 'त्यो राजनीतिक प्रकृतिको पनि भएकाले यसको छुट्टै विरासत छ ।' उनले पालुङटार नगरपालिकालाई समृद्ध नगरपालिका बनाउनका लागि स्थानीय सरकार र प्रदेश सरकारले थालनी गरे केन्द्र सरकारले पनि सबैखालको सहयोग गर्ने बताए ।

## नेप्सेमा दोहोरो अंकको सुधार

### ११ अंकले नेप्से बढ्दा ७२ करोडको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** ब्याजदरमा भएको वृद्धिका कारण गत ४ दिनमानै १४३ अंकले घटेको नेप्से सूचकमा बुधबार भने सामान्य सुधार देखिएको छ। बुधबार नेप्से सूचक ११.१९ अंकले बढेर १८४८.८० विन्दुमा पुगेको छ ।

यस दिन कारोबार रकममा भने उच्च गिरावट देखिएको छ। मंगलबार १ अर्ब २२ करोड रूपैयाँको सेयर कारोबार भएकोमा बुधबार कारोबार रकम ७२ करोड रूपैयाँमा झरेको छ । यस दिन ७२ करोड १२ लाख ५९ हजार ८८४ रूपैयाँ बराबरको २५ लाख ३१ हजार ३७० कित्ता सेयर कारोबार भएको छ ।




बुधबार सामलिङ्ग पावरको सेयरमूल्य सबैभन्दा धेरै १० प्रतिशतले बढेको छ भने समिट लघुवित्तको ५.७३ प्रतिशत, मैलुङ्ग खोला जलविद्युतको ३.९० प्रतिशत, गणपति लघुवित्तको ३.८३ प्रतिशत र लिवर्टी इनर्जीको ३.८० प्रतिशतले बढेको छ ।

यता विन लघुवित्तको सेयरमूल्य सबैभन्दा धेरै ३.६३ प्रतिशतले घटेको छ भने राप्ती हाइड्रोको ३.१३ प्रतिशत, सपोर्ट माइक्रोफाइनान्सको २.५५ प्रतिशत, गुँरास लघुवित्तको २.२१ प्रतिशत र स्वाभिमान लघुवित्तको २.१५ प्रतिशतले घटेको छ ।

बुधबार नविल बैंकको सबैभन्दा धेरै ३ करोड ३७ लाख रूपैयाँको सेयर कारोबार भएको छ भने रिडी हाइड्रोपावरको २ करोड ४१ लाख, हिमालयन डिस्टिलरीको २ करोड ३९ लाख, अपी पावरको १ करोड ८६ लाख र गोर्खाज फाइनान्सको १ करोड ७६ लाख रूपैयाँको सेयर कारोबार भएको छ ।

यस दिन कारोबारमा आएका १३ उपसमूहमा म्युचुअल फण्डबाहेक सबै उपसमूहको सूचक सकारात्मक देखिएको छ। जसमा विकास बैंक र फाइनान्स उपसमूहको सूचकमा उच्च वृद्धि देखिन्छ।

## यती एयरलाइन्सले उडाउँछ वार्षिक १० लाख यात्रु

**काठमाडौं –** निजी क्षेत्रको हवाई कम्पनी यती एयरलाइन्सले एक वर्षको अवधिमा १० लाखभन्दा बढी यात्रुलाई सेवा प्रदान गरेको छ। काठमाडौंबाट भद्रपुर, विराटनगर, जनकपुर, सिमरा, पोखरा, भैरहवा, नेपालगञ्जलगायतका विमानस्थल र पर्वतीय उडान भर्दै आएको यती एयरलाइन्सले एक वर्षको अवधिमा १० लाख पाँच हजार छ सय ७७ यात्रुलाई यात्रुसेवा प्रदान गरेको हो ।

Yeti Airlines
You come first

एयरलाइन्सले आफ्नो २४औं वार्षिकोत्सवका अवसरमा जारी गरेको विज्ञप्तिमा एक वर्षमा १५ हजार नौ सय २५ वटा उडानमार्फत यात्रुलाई सेवा प्रदान गरेको जनाइएको छ । यतीले हवाइ सेवा प्रदान गरेका यात्रुमध्ये २७ हजार छ सय ६३ जना विदेशी रहेका छन् ।

एयरलाइन्सका प्रवक्ता एवं हवाई सुरक्षा प्रमुख सुदर्शन वर्तौलाले यतीले एक वर्षको अवधिमा एक लाख ५४ हजार दुई सय ८७ किलो कार्गो ढुवानी गरेको जानकारी दिए । 'दुई वर्षअघि हामीसँग जहाज धेरै भए पनि सिट संख्या कम थियो, अहिले ठूला जहाज मात्र हुँदा सिट संख्या वृद्धि भएको अवस्था छ, अर्को वर्ष थप एउटा एटिआर-७२ ल्याएर यात्रु सफ्या १५ लाख पुऱ्याउने लक्ष्य लिएका छौं,' उनले भने ।

यतीले पाँच वटा एटिआर-७२ जहाजमार्फत देशका विभिन्न भूभागमा उडान भर्दै आएकामा गत महिना थप एउटा एटिआर जहाज थप गरेको छ । एयरलाइन्समा हाल सात सय ३० कर्मचारी आबद्ध छन् । यती एयरलाइन्सले भगिनी संस्था तारा एयरमार्फत पनि सेवा प्रदान गर्दै आएको छ । ताराको तीन वटा ट्वीनअटर जहाजमार्फत नेपालगञ्जबाट हुम्ला, जुम्ला, रारा, बाजुरा, पोखराबाट मुस्ताङ र काठमाडौं र रामेछापबाट लुक्ला, फाप्लुलगायतका स्थानमा सेवा दिँदै आएको छ ।

## कर्पोरट अनर अवार्ड वितरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'द लाइफ स्टाईल' को आयोजना तथा कलिउड हव' को व्यवस्थापनमा र 'इशान बाल तथा महिला अस्पताल' को प्रयोजनमा 'कर्पोरट अनर अवार्ड-२०२२' भव्य राष्ट्रिय नाच घर, जमलमा भव्य रूपमा सम्पन्न भएको छ ।



कार्यक्रममा पेसा तथा व्यवसायको माध्यमबाट रास्ट्रलाई योगदान पुर्याई देशकै उदाहरण बन्न सफल फरक क्षेत्रका बिशेष ब्यत्तित्वलाई 'लेजेण्ड्र् अवार्ड' तथा विभिन्न क्षेत्रमा आबद्ध अन्य व्यक्तिहरूलाई 'अनर अवार्ड' द्वारा सम्मानित गरिएको थियो ।

विभिन्न पेसा तथा व्यवसायमा अवद्ध व्यक्तित्वहरूलाई अवार्ड तथा सम्मान प्रदान गरेको थियो । द लाइफ स्टाईलका अध्यक्ष राजन खरेल सभापति रहेको उक्त कार्यक्रममा प्रमुख अतिथिमा माननीय पुर्व रक्षामन्त्रि तथा प्रतिनिधि सभा सदस्य समेत रहेका भिमसेनदास प्रधान थिए ।

त्यसैगरी विशेष अतिथिहरूमा टोखा नगरपालिका नगर प्रमुख प्रकाश अधिकारि, भक्तपुर नगरपालिकाका प्रतिनिधि, भक्तपुर नगरपालिका वडा नम्बर २ का वडा अध्यक्ष, ख्वाप अस्पतालका प्रतिनिधिहरू, बरिस्ठ संचारकर्मी भरत बम्जन, बरिस्ठ चलचित्र निर्देशक माधबराज खरेल, विभिन्न व्यवसायी क्षेत्रका व्यक्तित्वहरू, संचारकर्मी सुर्य चन्द, संचारकर्मी मायालु लामा, संचारकर्मी धर्मेन्द्र शाही, शैलेश नेपाली, संचारकर्मी देखापढी डट कमका सानुकाजी थापा, संचारकर्मी अमित भट्ट डा.कमल हमाल, संचारकर्मी, लोकेन्द्र बहादुर शाहीलगायतको उपस्थिति थियो ।

कर्पोरेट अनर अवार्ड - २०२२ मा अवार्डेड हुनेमा क्याप्टेन विजय लामा, प्रा.डा. रामनन्दन प्रसाद चौधरी, डा.गायक/संगीतकार लोचन, ई.गोविन्द देव अधिकारी, पेसल कुमार लुइटेल र बिना थापा छन् । त्यसका साथै विभिन्न व्यक्ति तथा संस्थाहरूलाई पनि सम्मानित गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि, विशेष अतिथिहरू मिडियाकर्मी सहयोगी संघसंस्थालाई मायाको चिनो समेत प्रदान गरिएको थियो भने पमुख अतिथि माननीय भिमसेनदास प्रधानले कार्यक्रममा अवार्डेड तथा सम्मानितलाई शुभकामना दिनुका साथै कार्यक्रमको प्रसंशा समेत गरेका थिए भने टोखा नगरपालिका नगर प्रमुख प्रकाश अधिकारिले पनि यो कार्यक्रम नौलो भएको र एस्तो कार्यक्रमले पेसा, व्यवसाय गर्नेहरूलाई हौसला प्रदान हुने बताए ।

## ब्याजदर वृद्धिप्रति महासंघको ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** नेपाल उद्योग वाणिज्य महासंगले बैंक वित्तीय संस्थाले यही असोज १ देखि लागू हुने गरी ब्याजदर वृद्धि गरेकामा गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

ब्याजदर वृद्धिका कारण कोभिड महामारी तथा वित्तीय क्षेत्र असन्तुलनका कारण अप्ठ्यारोमा परेका उद्योगी व्यवसायी झन प्रभावित हुने महासंगले जनाएको छ । बढ्दो लागतका कारण साना तथा मझौला उद्यम बन्द गर्नुपर्ने अवस्था आएको भन्दै महासंगले उत्पादित सामानको मूल्य अकासिएर आम सर्वसाधारणको जीविका पनि कष्टकर हुँदै गएको जनाएको छ । आठ प्रतिशतभन्दा माथि पुगिसकेको मुद्रास्फीति दरलाई बैंक वित्तीय संस्थाको यस निर्णयले थप माथि लैजाने महासंगको ठहर छ ।

सङ्कटको बेलामा जोखिम बाँडेर अर्थतन्त्रका सबै क्षेत्रले एक अर्कालाई सहयोग गर्नुपर्ने अहिलेको अवस्था रहेको जनाउँदै महासंगले विशेषगरी कोभिडका कारण पहिलो बन्दाबन्दीको अवस्थामा बैंकिङ क्षेत्रबाट प्राप्त सहयोगको प्रशंसा गरेको छ । 'तर पछिल्लो निर्णयले ब्याजदरमा अस्थिरता हुँदा सञ्चालनमा रहेको व्यवसाय जोखिममा पर्ने र नयाँ लगानी निरुत्साहित हुनेछ । अत्यन्त असहज अवस्थाबाट गुज्रिरहेको उद्योग व्यवसाय क्षेत्रमा ऋणको ब्याजभार थपिन जाँदा अर्थतन्त्रमा सङ्कट आउन सक्ने अवस्था सिर्जना भएको छ,' महासंगले भनेको छ । अर्थतन्त्रमा नकारात्मक असर मात्र पर्ने ब्याजदर वृद्धिको निर्णय तत्काल स्थगन गर्न महासंगले माग गरेको छ ।




अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ